आज मिति २०७४ साल भदौ २ गते यस मकवानपुर गढी गाउँकार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री बिदुर हुमागाई ज्यूको अध्यक्षतामा बस्दा तपसिल बमोजिमको उपस्थिती गरियो ।

उपस्थिती :-

१. अध्यक्ष :- श्री बिदुर हुमागाई

२. उपाध्यक्ष : श्री हर्कमायाँ रुम्बा

३. सदस्य :- श्री आह्वत सिं लो

४. सदस्य :- श्री बलान सिंह पाखिन

५. सदस्य :- श्री भागवत घिमिरे

६. सदस्य :- श्री राम प्र० तिमल्सिना

७. सदस्य :- श्री जीत ब० घिमिरे

८. सदस्य :- श्री टीका प्र० दहाल

९. सदस्य :- श्री सुर्य ब० रुम्बा

१०. सदस्य :- श्री कुमार सिं घिसिङ

११. सदस्य :- श्री सुरेन्द्र सुनार

१२. सदस्य :- श्री निर्मला विश्वकर्मा निर्मला

१३. सदस्य : श्री चिनीमायाँ लुङ्वा

१४. सदस्य :- श्री मञ्जु योन्जन

Scanned with CamScanner

१५. सदस्य: श्री बुद्धीमायाँ योन्जन

१६. सदस्य :- श्री पातली मायाँ गोले

१७. कार्यकारी अधिकृत श्री मिनराज कोइराला

१८. बैठक माइन्यूट लेखन ना.सु. युवराज पौड्याल

१९. जनस्वास्थ्य निरिक्षक श्री भोला चौलागाई

उपरोक्तानुसारको उपस्थिती अनुसार बैठक सन्चालन गर्नको लागि गणपुरक संख्या पुगेको हुँदा तपसिलका विषयहरुमा छलफल गरि निर्णय गरियो ।

छलफलका विषयहरु :-

१. विपद व्यवस्थापन समिती गठन सम्बन्धमा :-
२. क्षतीको विवरण संकलन सम्बन्धमा :-
३. भुकम्प पिडीतको गुनासो सम्बोधन समिती गठन सम्बन्धमा :-
४. पार्किङ सवारी कर ठेक्कामा प्रक्रिया अगाडि बढाउने सम्बन्धमा :-
५. छात्रवृत्ति वितरण सम्बन्धमा :-
६. करार सेवाका कर्मचारीको म्याद थप सम्बन्धमा :-
७. स्वास्थ्य संग सम्बन्धित करारका कर्मचारी थप गर्ने सम्बन्धमा :-
८. गाउँपालिका सँग सम्बन्धीत स्टर समान खरिद समिति गठन सम्बन्धमा :-
९. विविध :- १. ल्याब (प्रयोगशाला) सन्चालन । सिफारिस सम्बन्धमा :-

निर्णयहरु :-

निर्णय नं. १ प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँ पालिकामा विभिन्न प्रकोपबाट हुन सक्ने क्षतीको घटना व्यवस्थापन तथा सम्बोधन लगायतका विभिन्न कामको प्रयोजनको लागि गाउँपालिका अध्यक्ष श्री बिदुर हुमागाई ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको सदस्य रहने गरी मकवानपुरगढी गाउँपालिका स्तरीय विपत व्यवस्थापन समिति गठन गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा केहि
केही दिन अगाडि देखि आएको अविरल वर्षाको कारण
यस मकवानपुर गढी गाउँपालिका क्षेत्र भित्र व्यक्तिगत
घर, जग्गा तथा अन्य सम्पत्ती र सार्वजनिक सम्पत्ती
तथा पुर्वाधारहरुको व्यापक क्षति भएको गुनासो गा-
उँपालिकामा आइरहेको हुँदा यस सम्बन्धि विस्तृत
विवरण तयार गरी राहत प्राप्तीको लागि सम्बद्ध
निकायमा पठाउने निर्णय सर्व सम्मतबाट पारित गरियो।

निर्णय नं. ३ प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा
गत मिति २०७२ साल बैशाख १२ गते गएको भुक
म्पबाट प्रभावित भई नेपाल सरकारबाट खटाएको प्रावि
धिक टोलीले दिएको प्राविधिक ~~सेवी~~ प्रतिवेदनमा
लाभग्राही सूचीमा समेत नपरेका व्यक्ति तथा परिवा
रका मानिसहरुले आफूहरुलाई लाभग्राही सूचीमा पारि
दिन घर पुनः अनुगमन गरिदिन अनुरोध गर्दै
साविकमा परेका गुनासो मध्ये सम्बोधन
नभएका गुनासो कतिपय र छुटफुट भएका गुनासो
कर्ताहरुको गुनासो स्थानीय स्तर बाट सम्बोधन
गर्ने गरी नेपाल सरकारबाट स्थानीय स्तरको
गुनासो व्यवस्थापन समितिको अवधारणा आएको
हुँदा ~~क~~ हामी भुकम्प पिडित हौं भनी यस गाउँ
पालिकाका वडाहरुमा दर्ता हुन आएका गुनासोको

(हस्ताक्षर)

Scanned with CamScanner

उचित व्यवस्थापन गर्नको लागि वडा स्तरमा वडाध्यक्षको संयोजकत्वमा तपसिलका सदस्य रहेको वडा स्तरको गुनासो व्यवस्थापन समिति र वडा स्तरबाट समेत फछ्यौंट हुन नसकेका गुनासोहरु गाउँपालिका स्तरबाट व्यवस्थापन गर्ने प्रयोजनको लागि गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा तपसिलका व्यक्तिहरु पदेन सदस्य रहने गरी यसै गाउँपालिका स्तरीय गुनासो सुनुवाइ तथा व्यवस्थापन समिति गठन गर्ने सर्व सम्मत निर्णय गरीयो।

तपसिल

वडा स्तरको गुनासो सुनुवाइ तथा व्यवस्थापन समिति :-

१. संयोजक :- सम्बन्धीत वडाको वडाध्यक्ष
२. सदस्य :- सम्बन्धित वडामा प्राविधिक(भनाए सहि) इ आएको इन्जिनियर नभए सब इन्जिनियर
३. सदस्य सचिव :- सम्बन्धित वडा कार्यालयको सचिव

गाउँपालिका स्तरीय गुनासो सुनुवाइ तथा व्यवस्थापन समिति :-

१) श्री विदुर हुमागाई - संयोजक (गा.पा. अध्यक्ष)
२) श्री हर्कमाया रुम्बा - उप-संयोजक (गा.पा. उपाध्यक्ष)
३) श्री सुरज यादव - प्रा० इ०
४) श्री प्रहरी इन्चार्ज - (नजिकको प्रहरी पोष्ट)
५) श्री कार्यकारी अधिकृत - सदस्य सचिव

निर्णय नं० ४ प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा यस भगवानपुर गढी गाउँपालिकाको मिति २०७४ श्रावण १८ गते बसेको कार्यपालिका बैठकले १ तर्फी पटक एवारी करको टेण्डर खोल्ने निर्णय गरी मिति २०७४ श्रावण २० गते गोरखाको बोलपत्र फाराम खोलेको सूचना आवाहान गरेकोमा एक तर्फि पटके सवारी करको गुनासो र आशयबारे कीनिश्चित भई टेण्डर

नि.

(signature)

Scanned with CamScanner

खोल्ने काम भएको अनुसार तोकिएको मिति भित्र बोलपत्र दर्ता हुन आएका र यसरी आएको बोलपत्र हरु खोल्दा बोलपत्र कर्ताहरुको तर्फबाट उच्चारानुसार को पहिले स्वीकृत दुई तर्फी हुने कुराको आधार य बमोजिम आधारले टेण्डर खोल्ने क्रममा जहाँ जे-जुन कुरा तोकिएको भएता पनि एकतर्फी बुझाई को नै टेण्डर खोलिएको कुराले पुनः भाषागत प्रकृया है गर्दै तपसिल अनुसारको मूल्याङ्कन समिति गठन गरी सो समितिको मूल्याङ्कन बमोजिम एक तर्फी पहिले स्वीकृत लिन मिल्ने गरी सम्झौता प्रकृया अगाडि बढाउन निर्देशन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो। पुनश्च उपरोक्तानुसार खोलिएको बोलपत्र फाराम स्वीकृत भए पश्चात स्वीकृत भएको बोलपत्रका आधिकारिक व्यक्ति तथा यस मकवानपुरगढी गाउँपालिका बिच सम्झौता प्रकृयामा सहजीकरण गर्न कार्यपालिका सदस्य श्री बखान सिं पाख्रिन को संयोजकत्वमा निम्नानुसारको सहजिकरण समिती समेत गठन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

मूल्याङ्कन समिति

१) कार्यपालिका सदस्य श्री भागवत घिमिरे (संयोजक)
२) नायवसुब्बा श्री युवराज पौड्याल (सदस्य)
३) लेखापाल श्री हरिमराज कँडेल (सदस्य)

सहजीकरण समिति

१) कार्यपालिका सदस्य श्री बखान सिंह पाख्रिन (संयोजक)
२) कार्यपालिका सदस्य श्री टिकाप्रसाद दहाल (सदस्य)
३) कार्यकारी अधिकृत श्री मिनराज कोइराला (सदस्य)
४) गाउँ सभा सदस्य श्री प्रतिमान रुम्बा (सदस्य)
५) नायब सुब्बा श्री युवराज पौड्याल (सदस्य सचिव)

निर्णय नं. ५ प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिका स्थायी घर भई गरिबी तथा विपन्नताको कारण प्राविधिक विषयको उच्च शिक्षा हासिल गर्न नसकेका जेहेन्दार विपन्न, दलित तथा पिछडिएको सिमान्तकृत नागरिकका छोराछोरीलाई

आफूले चाहेको तपसिल बमोजिमको प्राविधिक विषय अध्ययन गर्नेको लागि तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने सर्व सम्मत निर्णय गरियो।

सहायता रकम तथा अध्ययनको विवरण :-

क. एम.बि.एस. अध्ययन गर्ने रु.५०,०००/-

ख. इन्जिनियरिङ तथा सब/इन्जिनियरिङ गर्ने रु. ४०,०००/-

ग. १८ महिने /२० महिने कृषि भेटेरनरी अध्ययन गर्ने रु. २०,०००/-

घ. नर्सिङ तथा ल्याव टेक्निसियन अध्ययन गर्ने रु. ४०,०००/-

ङ. हेल्थ असिस्टेन्ट (ए.जी.) अध्ययन गर्नेलाई रु. २५०००/-

च. वि.एस.सी. अध्ययनरत लाई रु. ३०,०००/-

निर्णय नं. ६ प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिका अन्तर्गतका साविकको गा.वि.स. मा करार सेवामा कार्यरत, स्वास्थ्य संस्थाहरु मा करार सेवामा कार्यरत तथा कृषि एवं पशुस्वास्थ्य संस्थाहरुमा करार सेवामा काम गर्दै मकवानपुरगढी गाउँपालिकामा पद मिलान भएका करार सेवाका तपसिलका कर्मचारीको अवधीको लागि करार नविकरण गरि कामकाजमा लगाउन जिम्मेवारी तोक्ने निर्णय सर्व सम्मतबाट पारित गरियो।

निर्णय नं. ६ – प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिका अन्तर्गतको स्वास्थ्य संस्थाहरुमा कर्मचारी अभावको कारण स्वास्थ्य सेवा प्रवाहमा भन्दा निकै कठिनाइ भोगिरहनुपर्ने अवस्था रहेको हुँदा प्रत्येक स्वास्थ्य चौकीहरुमा स्वास्थ्यकर्मी उपलब्ध हुन भन्ने मान्यतालाई आधार मानी अभाव रहेको अहेव पद र अनमी पद का स्वास्थ्य कर्मीहरु करार सेवामा भर्ना गर्न पदपूर्ति समिति लाई अनुमती प्रदान गर्ने सर्व सम्मत निर्णय गरियो

निर्णय नं. ८ – प्रस्ताव नं. ८ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिका कार्यालय तथा अन्तर्गतका निकायहरुमा आवश्यक विकास निर्माणका सर समान देखि फर्निचर फिक्चर्स तथा औसधी, औसधी जन्य सरसमान ~~लगायत~~ र अन्य आवश्यकीय समान खरिद प्रकृया नियमानुसार होस भन्ने हेतु कार्यपालिका सदस्य श्री बखान सिंह पाखिनको संयोजकत्वमा एक सार्वजनिक खरिद समिति गठन गर्ने निर्णय सर्व सम्मतबाट ~~निर्णय~~ पारित गरियो- 7

पदाधिकारीको नाम पदिय जिम्मेवारी

क. संयोजक श्री बखान सिंह पाखिन

ख, सदस्य श्री टिका प्रसाद ढकाल

ग. सदस्य श्री विषयगत शाखा प्रमुख

घ. सदस्य श्री लेखा शाखा प्रमुख

ङ, सदस्य सचिव श्री योजना, प्रशासन तथा जिन्सि शाखा प्रमुख

निर्णय नं. ९ प्रस्ताव नं. ९ को सम्बन्धमा छलफल गर्दा

Scanned with CamScanner